# सिरानचोक गाउँपालिकाको समपुरक कोष बजेट खर्च मापदण्ड, २०७६

## सिरानचोक गाउँपालिका
## गाउँ  कार्यपालिकाको कार्यालय
## छोप्राक, गोरखा

सिरानचोक गाउँपालिका

# समपुरक कोष बजेट खर्च मापदण्ड, २०७६

आर्थिक, सामाजिक् र भौगोलिक रुपले संभावना बोकेका तर खेर गइरहेका प्राकृतिक सम्पदा र आयोजनाहरुको साझेदार (सरकारी तथा गैरसरकारी) निकायहरुसँग सहकार्य गरी दिगो प्रतिफल प्राप्त गर्ने उद्देश्यले निजी, सरकारी र साझेदारी, (Private, Public and Partnership) अवधारणाको अवलम्बन गर्दै विनियोजन ऐन २०७६ को दफा ५ वमोजिम समपुरक कोष बजेट खर्च मापदण्ड, २०७६ तयार गरि यस सिरानचोक गाउँपालिकाले लागु गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संङ्क्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम **"समपुरक कोष बजेट खर्च मापदण्ड, २०७६"** रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "मापदण्ड" भन्नाले समपुरक कोष बजेट खर्च मापदण्ड, २०७६ भन्ने बुझ्नुपर्छ।

ख) "गाउँपालिका" भन्नाले सिरानचोक गाउँपालिका बुझ्नुपर्छ ।

ग) "कोष" भन्नाले समपुरक कोष (Matching Fund) भन्ने बुझ्नुपर्छ ।

घ) "व्यवस्थापन समिति" भन्नाले समपुरक कोष बजेट खर्च मापदण्ड समिति बुझ्नुपर्छ ।

ङ) "कार्यपालिका" भन्नाले सिरानचोक गाउँपालिकाको कार्यपालिका बुझ्नुपर्छ ।

च) "समुदाय" भन्नाले समपुरक कोष परिचालन गर्ने निकायलाई बुझ्नु पर्दछ ।

छ) "साझेदारी" भन्नाले संघिय सरकार, प्रदेश सरकार, अन्तरपालिका स्थानीय तहको सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैसस, नीजि क्षेत्र तथा व्यक्ति, समुदाय, सहकारी, वित्तिय संस्था र गैह्र आवसीय नेपाली संगको सहकार्यमा गरिने योजना तथा कार्यक्रम ।

## परिच्छेद - २

## अनुदान प्रदान गरिने क्षेत्र, आधार तथा आयोजनाको छनौट

३. **समपूरक अनुदान प्रदान गरिने क्षेत्र** : (१) ऐनले स्वीकृत गरेको सिमा भित्र रही यस कोषको रकम निम्न क्षेत्रहरुमा खर्च गर्न सकिनेछ ।

(क) विभिन्न कार्यक्रम तथा योजनाका लागि म्याचिङ फन्ड राख्न अनुरोध भई आएका योजना, आयोजना र कार्यक्रमहरु ।

(ख) जिल्ला समन्वय समिति वा अन्य विषयगत कार्यालयबाट सञ्चालन भइ आएका र हाल त्यस्ता निकायबाट स्रोत अभावका कारण सञ्चालन गर्न नसकिएको भनी सम्बन्धित निकायबाट सिफारिस भई आएका योजनाहरु ।

(ग) वार्षिक स्वीकृत कार्यक्रममा नपरेको तर अत्यावश्यक देखिएका परियोजनाहरु ।

(घ) संघ र प्रदेश सरकारवाट संचालनहुने आयोजनाहरु ।

(ङ) संघ, प्रदेश, विभिन्न संघ संस्था तथा दातृ निकाय वाट संयुक्त लगानीमा निर्माण हुने गाउँपालिका भित्रका आयोजनाहरु ।

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घोप्राक, गोरखा गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

(च) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैसस संस्थाहरु संग गरिने कार्यक्रम तथा आयोजनाहरु ।

(छ) नीजि क्षेत्र, व्यक्ति, समुदाय, सहकारी, वित्तिय संस्था संग गरिने कार्यक्रम तथा आयोजनाहरु ।

(ज) ग्रैह्न आवसिय नेपाली संघ, संस्थाहरु संग साझेदारीमा संचालन गरिने योजना तथा कार्यक्रमहरु ।

४. **समपूरक अनुदान प्रदान नहुने क्षेत्रहरु :**

(क) राजनीतिक दल विशेष उद्देश्य परिपूर्ति हुने प्रकृतिका योजना तथा कार्यक्रम,

(ख) तलब, भत्ता, मसलन्द लगायतका साधारण खर्च,

(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारलाई मात्र फाइदा पुग्ने प्रकृतिका योजना तथा कार्यक्रम,

(घ) राष्ट्रिय एकता, धार्मिक, साँस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिको योजना तथा कार्यक्रम,

(ङ) घाटा ब्रजेट पूर्ति गर्ने योजना तथा कार्यक्रम,

(च) वातावरण संरक्षणमा प्रतिकुल प्रभाव पर्ने खालका योजना तथा कार्यक्रम

५. **समितिमा पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

५.१ समुदायले दफा ३ बमोजिमको क्षेत्रमा समपूरक अनुदान आवश्यक पर्ने भए प्रत्येक आर्थिक वर्षको फागुन मसान्त भित्रमा अनुसूची -१ बमोजिमको ढाँचामा उपदफा ५(२) बमोजिमको कागजात सहित यस गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

५.२ योजना मागगर्दा पेशगर्नुपर्ने आवश्यक कागजातहरु

क) वडा कार्यालयको सिफारिस

ख) वडा समितिको निर्णयको प्रतिलिपि

ग) स्थानीय समुदायको वडा कार्यालयमा पेश भएको निवेदको प्रतिलिपी ।

घ) सम्वन्धित योजनाको लागि प्राविधिक शाखाको लगत स्टिमेट ।

ङ) कार्यक्रमको हकमा खर्च सहितको कार्यक्रमको प्रस्ताव ।

## परिच्छेद-३

६. **कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था :**

६.१ कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तिका लागि देहाय बमोजिमको व्यवस्थापन समिति गठन हुनेछ :

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| ख) उपाध्यक्ष | - सदस्य |
| ग) पुर्वाधार विकास समितिका संयोजक | - सदस्य |
| घ) प्राविधिक शाखा प्रमुख | - सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

अध्यक्षले आवश्यक परेको अवस्था अवस्थामा विषयगत समितिको संयोजक, विषयगत शाखाका प्रमुख तथा विषयाँ विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

६.२ व्यवस्थापन समितिको वैठक सामान्यतया वर्षमा ४ पटक बस्ने छ ।

६.३ वैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक बोलाउनेछ ।

६.४ आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक अध्यक्षज्युको निर्देशनमा जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्याल्चोक, गोरखा गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

६.५ व्यवस्थापन समितिको सम्पूण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

६.६ बैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गर्नुपर्नेछ ।

६.७ यस समितिले गरेको निर्णय गाउँकार्यपालिकाको बैठकले अनुमोदन गर्नेछ ।

७. **समितिको काम, कर्तव्य र अधिकार :**

७.१ समपुरक कोष संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन :

क) समपुरक कोषका लागि आर्थिक श्रोत जुटाउने ,

ख) कोषको बार्षिक योजना तर्जुमा गरि कार्यपालिकामा पेश गर्ने ,

ग) समपुरक कोषको महत्व तथा स्थानीय स्तरबाट हुन सक्ने सहयोग सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्ने ,

घ) मर्मतका लागि अत्यावश्यक स्थल तथा पुर्वाधारहरुको पहिचान गरी तत्काल मर्मतका लागि व्यवस्था गर्ने गराउने ,

ङ) वार्षिक योजना तथा कार्यक्रम संचालन गर्दा वातावरण मैत्रि बनाउन समन्वयकारी भुमिका निर्वाह गर्ने,

च) संभार गर्न आवश्यक स्थल तथा प्राकृतिक सम्पदाहरुको पहिचान गरी आवश्यक व्यवस्थापनका लागि पहल गर्ने,

छ) कोषका कार्यहरुको अनुगमन , सुपरिवेक्षण तथा प्रगति समिक्षा गर्ने,

ज) स्थानीय तहका समपुरक कोषको व्यवस्थापन सम्बन्धी योजनाहरुको तर्जुमा र कार्यान्वयन गराउदै समपुरक कोष व्यवस्थापन लाई संस्थागत गर्ने ।

८. **कोषको आर्थिक व्यवस्था :**

कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिए बमोविम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-४

## विविध

९. **प्रतिवेदन गर्नुपर्ने :**

समुदायले समपूरक अनुदानबाट संचालित आयोजना तथा कार्यक्रमहरुको कार्यसम्पन्न पश्चात गा.पा. वडा समितिको अनुगमन प्रतिवेदन सहित प्रगति प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

१०. **बाधा अडकाउ फुकाउर्ने :**

यस कार्यविधि कार्यन्यनको सम्बन्धमा प्रक्रिया सरलीकरण गर्ने, अनुसूची हेरफेर गर्ने जस्ता विषयमा गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

११. **प्रचलित कानुन बमोजिम हुने :**

यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानुन सँग बाझिएमा बाझिएको हद सम्म प्रचलित कानुन बमोजिम हुनेछ ।

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छोप्राक, गोरखा गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

## अनुसूची–१
## समपूरक कोष बजेट माग गर्ने निवेदन

समुदायको नाम :

ठेगाना :

कार्यक्रम वा आयोजनाको नाम :

कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने समय :

कार्यक्रम वा आयोजनाबाट लाभान्वित जनसंख्या :

कार्यक्रम वा आयोजनाको कुल लागत रु. :

समुदायको लागत सहभागिता रकम रु. :

गाउँपालिकाकाले ब्यहोर्ने रकम रु. :

आवश्यक संलग्न कागजातहरु :

१. ........................................................

२. ........................................................

३. ........................................................

राजु गुरुङ
अध्यक्ष

दस्तखत :

नाम :

पद :

मिति :